# رسالة واحدة فقط
# मात्र एउटा सन्देश


تأليف

د. ناجى بن إبراهيم العرفج

डा.नाजी अल-अ़रफज

ترجمة:

أفروز عالم المدني

अनुवादः अफरोज आलम मदनी

مراجعة:

أبرار أحمد حنيف المدني

संशोधनः अबरार अहमद हनीफ मदनी



المكتب التعاوني للدعوة والإرشاد وتوعية الجاليات بالأحساء

AL-AHSA ISLAMIC CENTER

HOFUF P.O.BOX 2022,AL-AHSA 31982

TEL:5866672 K.S.A

# विषय

पढ्नु भन्दा अगाडि केही प्रश्नहरू ।

मुख्य विषय ।

धर्मशास्त्र (बाइबल) मा अल्लाहको एकेश्वरवाद
(पुरानो युग)

धर्मशास्त्र (बाइबल) मा अल्लाहको एकेश्वरवाद
(नयाँ युग)

पवित्र कुरआनमा अल्लाहको एकेश्वरवाद

अन्त

# प्रस्तावना

الحمد لله رب العالمين، والصلاة والسلام على سيد المرسلين نبينا محمد وعلى آله وأصحابه، ومن تبعهم بإحسان إلى يوم الدين.

हरेक किसिमको प्रसंशा अल्लाहको लागि छ जो सम्पूर्ण संसारको पालनकर्ता हो । र अल्लाहका अन्तिम ईश्दूत सर्वश्रेष्ठ संदेष्टा हाम्रा नबी आदरणीय मुहम्मद सल्लल्लाहु अलैहि वसल्लममाथि र उनका परिवार, सबै साथीहरू र प्रलय हुने दिन सम्मका उनका अनुसरणकर्ताहरू माथि शान्ति होस् ।

यस संसारमा अनेकौ प्रकारका धर्महरू छन् र ती सबै धर्मको मूल कुरो ईश्वरप्रति विश्वास राख्नु हो किन भने कि यो सामान्यता मानिसको जन्मजात प्राकृतिक गुण हो, यो पुस्तिका लेखनको मूल उद्देश्य पनि ईश्वरप्रति विश्वास राख्ने मानिसहरूलाई ईशवरीय धारणा प्रति चिन्तन मनन् गराई ईश्वरप्रतिको सही र सत्य धारणाको बोध गराउनु हो । जसको सही दिसा र सही धारणा मात्र इस्लाम धर्मले दिएको धारणा हो किनकि इस्लामको धारणा स्वयम् ईश्वर (अल्लाह)ले दिएको आदेश हो ।

ईश्वरप्रति विश्वास राख्ने केही मानिसहरू यस्ता पनि छन् जुन इस्लाम धर्म र त्यस बाहेक अरू धर्मको

धारणालाई एउटै हो भन्दछन् वा इस्लाम धारणालाई एउटा नयाँ धर्मको रूपमा ठान्दछन्,उनीहरूको यस भ्रान्तलाई समाप्त गर्नको लागि र जुन मानिसहरू यस धर्मको मूल कुराबाट अपरचित छन्, परचित गराउनका लागि महोदय डाॅइब्राहीम अरफजले अरबी भाषामा तयार गरेको ((रिसालह वाहिदह फकत्)) नामक पुस्तिकाको नेपाली भाषामा अनुवाद गरी((मात्र एउटा सन्देश !)) को रूपमा प्रस्तुत गरिएको छ ।

यस पुस्तिकामा एउटा संदेश भनेको ((तौहीदः अर्थात अल्लाह सम्पूर्ण कुरामा एक्लै छ र त्यही एउटा सत्य ईश्वर हो)) को प्रमाणसहित वर्णन गरिएको छ,र यही सन्देश आदम अलैहिस्सलाम लगायत अन्तिम ईश्दूत मुहम्मद स.अ.व. सम्म सम्पूर्ण संदेष्टा र ईश्दूतहरूको सन्देश हो । यस किताबमा खास गरी यहूदी र क्रिस्चियनका अचेल ग्रन्थ बाइबल (Old Testament, New Testament)को श्लोक र वाक्यहरूबाट तुल्नात्मक रूपले एकेश्वरवाद (अल्लाहको एकत्व) को पुष्टि गरिएको छ र त्यसमा आएको कुरा (अल्लाहलाई यस संसारमा कसैले दखेको छैन र देख्न पनि सकिदैन) को स्पष्टिकरण गरिएको छ ।

प्रकाशकः अहसा इस्लामिक सेन्टर तथा तपाईंसमक्ष यो सुलभ सन्देश पुऱ्याउन सघाउ पुऱ्याउने सबै दाजुभाई खास गरी संशोधकः श्री शैख अबरार अहमद मद्नी ज्यु प्रति हृदयदेखि आभार प्रकट गर्दछु ।

आशा छ कि यसमा प्रस्तुत गरिएका छलफल एवं उदाहरणहरू पाठक वर्गको लागि आफ्नो सृष्टिकर्ताको सही पहिचान गर्नमा र ईश्वरीय धारणालाई जान्नमा उपयोगी हुने छ ।

अफरोज आलम मदनी (नेपाल)
अहसा इस्लामिक सेन्टर होफूफ

# पढ्नु भन्दा अगाडि केही प्रश्नहरू :

१) यस एउटा सन्देशको उद्देश्य के हो ?

२) यस विषयमा धर्मशास्त्र(बाइबल)ले के भन्दछ ?

३) यस विषयमा पवित्र कुरआनले के भन्दछ ?

४) त्यस पछि यस सन्देशको बारेमा तपाईको विचार के छ ?

## मुख्य विषयः

मानवीय इतिहासमा आदमको जन्म पछि एउटै मौलिक सन्देश जनसमुदायतिर पठाइयो, र जनसमुदायलाई यस सन्देशको स्मरण र उनीहरूलाई सत्य मार्गतिर फिर्ता ल्याउनका लागि एक सत्य अल्लाहले सबै ईशदूत र संदेष्टाहरू उदाहरण स्वरूप आदम, नूह्, इब्राहीम, मूसा, ईसा, (सबै माथि अल्लाहको दया र शान्ति होस्) लाई यसै एउटा सन्देशलाई पुऱ्याउनका लागि पठाउनु भयो कि :

सत्य पूज्य (अल्लाह) मात्र एउटै छ
अतः उसैको उपासना गर !

# एक मात्र सत्य उपास्य (सृष्टा)

| यो सन्देश पुऱ्याउनका लागिः | पठायोः |
|---|---|
| अल्लाह एउटै छ | नूह् |
| अल्लाह एउटै छ | इब्राहीम |
| अल्लाह एउटै छ | मूसा |
| अल्लाह एउटै छ | ईसा |
| अल्लाह एउटै छ | मुहम्मद |

अल्लाहले सर्व साहसी संदेष्टाहरू लगायत अरू ईश्दूतहरूलाई जस मध्ये केहीको बारेमा हामीलाई थाहा छ र केहीको बारेमा हामीलाई थाहा छैन,केही उत्तरदायित्व पुरा गर्नको निम्ति संसारमा पठायो । जुन यस प्रकार छन्ः

१) ईश्वरीय आदेश ग्रहण गर्नु, सिक्नु साथै त्यससलाई आफ्ना आफ्ना समुदाय र अनुयायीहरू सम्म पुऱ्याउनु ।

२) जनसमुदायलाई एकेश्वरवाद र अल्लाहको उपासनामा निःस्वार्थताको शिक्षा दिनु ।

३) कथन,कर्म र व्यवहारको ऐउटा नमूना पेश गर्नु ताकि जनसमुदायले अल्लाह सम्म पुग्नका लागि तिनहरूको अनुसरण गरुन् ।

४) अल्लाहको भय संयम (तक़्वा) र त्यसको आज्ञा र आदेशपालनतिर आफ्नो अनुयायीको मार्गदर्शन गर्नु ।

५) आफ्नो आज्ञाकारीहरूलाई इस्लामको आदेश र उत्तम चरित्रको शिक्षा दिनु ।

६) अवज्ञाकारी, अनेकेश्वरवादि, मूर्त्ति पूज्नेहरू आदिलाई मार्गदर्शन गर्नु ।

७) जनसमुदायलाई बताउनु कि मृत्यु पछि पुनः जिवित गरिने छन्, र महाप्रलयको दिन उनले गरेका पुण्यकर्म र पाप, अपराधहरूको हिसाब किताब हुने छ, जसले एक अल्लाहमाथि आस्था राख्यो, साथै पुण्यकर्म गऱ्यो भने उसलाई फल स्वरूप स्वर्ग (जन्नत) मिल्छ । र जसले अल्लाहसँग कसैलाई सहभागी बनाई पूजा गऱ्यो र उसको अज्ञापालन गरेन भने उसलाई फल स्वरूप नरक (जहन्नम) मिल्छ ।

यिनी सबै ईशदूत एवं संदेष्टाहरूलाई मात्र एक अल्लाहले नै जन्म दियो र उनिहरूलाई धरतीमा पठायो । यो संसार र यस संसारमा जति पनि सृष्टि छन् सबै अल्लाह रचयिताको अस्तित्व र उसको एकत्वको साक्षी एवं गवाही दिरहेका छन् । अतः अल्लाहनै एक मात्र यस संसारका सम्पूर्ण प्राणिहरू जस्तै मानव,पशु,पंक्षी बोट बिरुवा आदिको सृष्टिकर्ता हो । उसैले मृत्यु र यो मृत्युजीवन एवं अनन्त जीवन उत्पन्न गरेको छ ।

यहूदी, ईसाई र मुसलमानहरूका पवित्र ग्रन्थहरूले अल्लाहको अस्तित्व र विधमानता र एक मात्र हुनुको गवाही दिराखेका छन् ।

निःसन्देह सत्यको खोजी गर्ने व्यक्ति पूर्ण न्याय र निःस्वार्थताको साथ जब इलाह (उपास्य)को अर्थ धर्म शास्त्र (बाइबल) र कुरआनमा अध्यन गर्छ भने अल्लाहको अनुपम विशेषताहरूलाई छुट्टयाउन सक्छ जुन विशेषताहरू मात्र अल्लाहका लागि ख़ास छन् र त्यसमा अल्लाह बाहेक भर्मिय उपास्यलाई साझी गर्दैन । अल्लाहका केहि अनुपम विशेषताहरू निम्न छन्ः ।

१) सत्य उपास्य रचनाकर्ता र सृष्टा हो सृष्टि अथवा रचना होइन ।

२) सत्य उपास्य एउटै छ उसको कोही पनि भागीदार र साझेदार छैन,र अनेक पनि छैन । ऊ न त कसैको बुवा हो न त कसैको छोरा ।

३) अल्लाह चाहिं सृष्टिहरूको कल्पना बाट पवित्र छ कसैले उसको कल्पना गर्न सक्दैन, र संसारमा कुनै पनि आँखाले उसलाई देख्न पनि सक्दैन ।

४) अल्लाह सधै देखि छ र सधै रहने (अमर) छ, उसलाई मृत्यु आउँदैन उसको कुनै अन्त छैन । न त परिवर्तन हुन्छ, न त ऊ धरतीमा अवतार हुन्छ, र न त ऊ आफ्ना सृष्टिहरू मध्ये कसैको शरीरमा अवतारित हुन्छ ।

५) अल्लाह निस्पृह अथवा स्वच्छन्द छ र स्वयं आफ्नो सृष्टिबाट निरपेक्ष छ, उसलाई सृष्टिको आश्रा आवश्यकता छैन बरु सृष्टिलाई उसको आश्रा र आवश्यकता छ, त्यसैले उसको न त कोही पिता छ, न त आमा,न त पत्नी, न त छोरा छ । उसलाई खाना वा पानी वा कसैको सहयोगको आवश्यकता छैन, तर अल्लाहले रचना गरेको सम्पूर्ण सृष्टि उसको आश्रित र मुहताज छन् ।

६) अल्लाह आफ्नो गरिमा,महानता र सम्पन्नता र सौन्दर्यता जस्ता विशेषताहरूमा एक्लै छ, यी विशेषताहरूमा उसको सृष्टिहरू मध्ये कोही पनि तुल्य वा बराबर र अनुरूप छैन, अतः ऊ जस्तो अस्तित्व र विशेषताहरूमा कुनै वस्तु छैन, भन्नाले त्यो सबै कुरामा एक्लै र निस्पृह छ ।

यी मानक र विशेषताहरू (र यिनी बाहेक ती विशेषताहरू जुन मात्र एक्लै अल्लाहका लागि छन्) द्वारा हामी सबै बनावटी, झूठो भ्रमीय ईश्वरहरूलाई नकार्न सक्छौं ।

हामी अब पुनः उपरोक्त एउटा सन्देशको खोजी तिर लाग्दछौं, र धर्मशास्त्र (बाइबल) र कुरआनका

केही श्लोकहरू पेश गर्दछौं, जुन अल्लाहको एकत्वलाई साबित गर्दछन् । तर यो भन्दा पहिला म तपाईलाई एउटा आश्चर्यको कुरोतिर लैजाँदैछुः

केही क्रिस्चियन् (ईसाई) आपसमा एक अर्का सँग प्रश्न गर्दै आश्चर्य गर्दछन् कि यो कुरो स्पष्ट छ कि अल्लाह एउटै छ, र हामी एउटै अल्लाह माथि आस्था राख्दछौं भने समस्या के रहेको छ ?

सत्य कुरो यो हो कि ईसाई (क्रिस्चियन) धर्मलाई पढ्दा, बुझ्दा र त्यसको अनुसंधान गर्दा र ईसाईहरूसँग कुराकानी गर्दा मैले पाएं कि ईसाईहरू कहाँ"अल्लाह"(केही ईसाईहरूको आस्थानुसार) यस प्रकार छन् :

१) अल्लाह बुवा (पिता परमेश्वर)

२) अल्लाह छोरा (पुत्र परमेश्वर)

३) अल्लाह रूहुल कुद्स (पवित्र आत्मा)

(आदरणीय जिब्रील दूत)

न्याय को साथ विवेचना गर्ने र अलिकति ठीक ढ़ँगले सोच्ने दिमागमा प्रत्यक्ष रूपले ईसाईहरू माथि केहि प्रश्न उठ्दछन्ः

❀ तपाईको भनाई अनुसार "अल्लाह एउटै छ" को अर्थ के हो ? जबकि तपाईहरू तीनवटा उपास्यतिर संकेत गरिरहेका छौ ?

❀ के अल्लाह एउटै छ जुन तीनवटामा अवतारित छ वा तीनटै अल्लाह चाँहि एउटैमा अवतारित छन् (१,३ मा वा ३, १ मा) ?

तदातिरिक्तः ईसाईहरूका केहि आस्थानुसार, यी तीनवटै अल्लाहका अलग अलग कार्य,विशेषता र विभिन्न रूपहरू छन् जुन निम्न प्रकार छन् ः

१) अल्लाह बुवा = त्यो नै सृष्टिकर्ता हो ।

२) अल्लाह छोरा = त्यो नै मुक्तिदाता हो ।

३) अल्लाह रूहुल कुद्स = त्यो नै सल्लाहकार हो ।

यस्तो भ्रम कि आदरणीय ईसा (यीशु) मसीह नै अल्लाहका पुत्र हुन् वा उ नै अल्लाह हुन् वा अल्लाहका केहि भाग हुन् भन्ने कुरा तौरात र इञ्जील (बाईबल) मा दिएका वाक्यहरूसँग पूर्ण रूपले विरोध हो । किन भने कि बाईबलमा लेखिएको छ कि अल्लाहलाई कसैले पनि देख्न सक्दैन, र उसको आवाज़ कसैले पनि सुन्न सक्दैन ः (तिमी कहिल्यै पनि न त उसको आवाज सुनेका छौ र न त उसको रूप देखका छौ ) (इञ्जील यूहन्ना ५:३७) ( उसलाई न कसैले देखेको छ न कसैले देख्न सक्छ ।) (तैमूसाविस को लागि पहिलो पत्र ६ : १६)
(मलाई देखेर कोही पनि जीवित रहन सक्दैन ।) (खुरूज ३३ : २०)

उपरोक्त वाक्य र यस बाहेक वाक्यहरूको आधारमा ईमानदारी पूर्वक र सत्यताको साथ आश्चर्यजनक प्रश्न गर्दछु कि उनीहरूको बीच जुन भन्दछन् कि आदरणीय ईसा (यीशु) मसीहनै अल्लाह हुन् र पवित्र ग्रन्थ (बाइबल)को वाक्य बीचको मतभेदलाई कसरी मेलाउन सकिन्छ ? जुन यस कुरा माथि आग्रह गरेका छन् कि न कसैले अल्लाहलाई देखेको छ न कसैले अल्लाहको आवाज सुनेको छ ?

۞ के त्यस बेला यहूदी र तिनीहरूको परिवारजनहरूले ईसा (यीशु) र उहाँको अनुयायीहरूलाई देखेका थिएनन् ? के तिनीहरूले आदरणीय ईसा (यीशु) मसीह (पुत्र परमेश्वर, केही ईसाईहरूको आस्थानुसार) लाई देखेका थिएनन् र उहाँको आवाज सुनेका थिएनन् ?

۞ तौरात र इञ्जीलमा कसरी यो कुरा आएको छ कि अल्लाहलाई कसैले न देखेको छ न कसैले उसको आवाज सुनेको छ अनि फेरी हामी यो आस्था राख्नेलाई पनि भेट्दछौं किः त्यही आदरणीय ईसा मसीह नै जसलाई सबैले देखें र सबैले त्यसको आवाज सुनें अल्लाह हुन् अथवा अल्लाहको पुत्र अर्थात छोरा हुन् ? के यहाँ कुनै गोप्य भेद छ जुन भेद अल्लाहको वास्तविकता सँग संबन्धित छ ?

तौरातानुसार उपरोक्त कुरालाई ठीक उल्टो पाइन्छ किन भने कि तौरातले अल्लाहको बारेमा भनेको छः (म नै यहोवा (पालनकर्ता) हो र म बाहेक अरु कोही (यहोवा) पूज्य छैन । मैले कुनै गोप्य तरीकाले कुरा गरेको छैन । र मैले आफ्नो उद्दश्यलाई पनि गोप्य राख्दैन ०००० म नै अल्लाह हो म सत्य कुरानै भन्छु र मैले उचित र सत्य कुरानै बताउँदै आईरहेको छु । ) (यशयाह ४५ः १९)

अनि त वास्तकिता के रहेको छ ?

त्यसका लागि पछाडि बयान गरेको वाक्यलाई पटक-पटक पढ्नुहोस् र ध्यान पूर्वक त्यसमा विचार गर्नुहोस् !

श्लोक र वाक्यहरूमा र यस पुस्तिकालाई न्याय र अलोचनात्मक रूपले पढे पछि आउनुहोस् हामी सबै एक साथ भई पवित्र ग्रन्थ कुरआन र बाइबलमा अल्लाहको वास्तविकताको खोजतिर लागौं,मलाई आशा छ कि तपाईहरू श्लोक र वाक्यहरूमा विचार,र यस पुस्तिकालाई न्यायिक रूपले पढे पछि मलाई आफ्नो विचार र सिद्धान्तले सूचित गर्नु हुनेछ ।

विषयको ध्यान एवं विवेचन गर्दै म बिना कुनै टिप्पणी प्रमाणहरू राख्दछु ।

आशा छ कि कुनै अतीत कल्पना अथवा भूतपुर्व कुराहरूको विषयमा ध्यान नदिई प्रमाणहरू माथि ध्यान पूर्वक मनन् चिन्तन गर्नुहोला ।

# धर्मशास्त्र (इञ्जील)मा एउटा सत्य अल्लाह (पुरानो युग)

- Hear,o Israel: The Lord our God is one Lord.(Deuteronomy 6:4)

(हे इस्राएल सुनः यहोवा (प्रभु) हाम्रो परमेश्वर हो,र ऊ एउटै छ ।) (व्यवस्था विवरण ६:४)

- Has not the one God made and sustained for us the spirit of life ?( Malachi 2: 15)

(के हाम्रो लागि अद्वितीय अल्लाहले जीवनको आवेश उत्पन्न गरेन र हामीलाई जीविका दिरहेको छ ? ) (मलाकी २:१५)

- You may know and believe Me and understand that I am He. Before Me no god was formed, nor shsll there be any after Me. I.I am the lord and besides Me there is no Savior.( Isaiah 43:10-11)

(तिमीहरू सम्झे र मेरो विश्वास गर,र यो जानी राख कि म त्यही (अल्लाह) हो । म भन्दा पहिला कोही ईश्वर (अल्लाह) न थियो, न मेरो पछि कोही हुनेछ । म नै यहोवा (ईश्वर) हो र म बाहेक अरू कोही उद्धारकर्ता छैन ।) (यशायाह ४३:१०-११)

- I am the first and I am the last; besides Me there is no god. Who is like Me ?(Isaiah 44:6)

(म नै सब भन्दा पहिला हुँ,र म नै अन्तिम पनि !,र म बाहेक अरू कोही परमेश्वर (पूज्य) छैन,म जस्तो को छ ?) (यशायाह४४:६)

✸ And there is other god besides Me, a righteous God and a Savior; there is none besides Me. Turn to Me and be saved…To Me every knee shall bow.(Isaiah 45:21-23)

(के म यहोवा (प्रभु) होइन ? म बाहेक अरू कोही परमेश्वर (पुज्य) छैन धर्मी र उद्धारकर्ता ईश्वर म बाहेक अरू कोही पनि छैन ।) (यशायाह४५:२१)

के तपाई यसै प्रकारका अरू वाक्यहरू बताउन सक्नुहुन्छ ?

# धर्मशास्तर (इञ्जील)मा एउटा सत्य अल्लाह (नयाँ युग)

📖 Now this is life eternal, that they know you, the only true God, and jesus Christ, whom you have sent.(john 17:3)

(अनन्त जीवन यो हो कि उनीहरू तिमी मात्र अद्वैत सत्य परमेश्वरलाई र यीशु मसीह,जसलाई तिमीले पठाएको छ जानौं ) (यूहन्ना १७:३)

📖 Worship the Lord your God, and serve him only.(Matthew 4:10)

(तिमी आफ्नो प्रभु (अल्लाह) परमेश्वरको उपासना गर,र मात्र उसैको प्रणाम गर्दै गर) (इञ्जील मत्ती ४:१०)

📖 Hear o Israel: The lord our God is one Lord…....(Mark 12:29-33)

(हे इस्राएल सुनः हाम्रो परमेश्वर,प्रभु एउटै छ ००००००००अनि अल्लाह (पुज्य) एउटै छ,उस बाहेक अरू कोही परमेश्वर छैन ।) (इञ्जील मरकुस १२:२९-३३)

📖 For there is one God and ther is on mediator between God and men, the man Christ jesus.(1Timothy2:5)

(किन भने परमेश्वर एउटै छः अनि परमेश्वर र मनुष्य बीच पनि एउटा मध्यस्थ छ, अर्थात त्यो यीशु मसीह जो मनुष्य हुन् ।) (पहिलो पत्री-तीमुथियुस २:५)

One came and said unto him, God master, what good thing shall I do ,that I may have eternal life? And he (Jesus) said unto him, Why callest thou me good ? There is none good but one, that is, God .(Metthew 19:16-17in King James Version)

(एक जना व्यक्तिले आएर उहाँ (यीशु) सँग भन्योः मेरो प्रभु नेता! म कुन राम्रो काम गरूँ जुन कार्यले गर्दा म अनन्त जीवन प्राप्त गर्न सकुँ ? अनि जिसस (यीशु)ले उत्तर दिनु भयोः (मलाई किन प्रभु भन्छौ ? प्रभु त मात्र एउटै छ त्यो हो अल्लाह । ) (इञ्जील मत्ताः १९:१६–१७)

के तपाई यस प्रकार अरू सूत्र, वाक्यहरू बयान गर्न सक्नुहुन्छ जुन यस कुराको आग्रह गर्छन् कि अल्लाह मात्र एउटै छ ?

(तीनवटा छैनन् !)

# पवित्र कुरआनमा एक सत्य अल्लाह

❁ ﴿(हे पैग़म्बर!)तपाई भनिदिनुस् कि त्यो अल्लाह एक छ । अल्लाह निरपेक्ष छ । न त उसबाट कोही जन्मेको छ,न ऊ कसैबाट जन्मेको छ । र न कोही पनि उसको समकक्ष (बराबर) छ ।﴾(सूरह नः११२,आयत १-४)

❁ ﴿हे मेरो जेलमा बस्ने साथिहरू ! के कैयौं प्रभूहरू (हुनु) राम्रो हुन्छ वा एक अल्लाह जो महान र सर्व शक्तिमान छ ।﴾? (सूरह नः१२ः आयत३९)

❁ ﴿निःसन्देहः तिमीहरू सबैको पूज्य एउटै छ ।﴾ (सूरह नः३७ आयत नः४)

❁ ﴿के अल्लाहको साथमा अरु कोही प्रभु-पूज्य छ ? (होइन) भनिदिनुस् कि यदि तिमी साँचो हौ भने प्रमाण पेश गर ।﴾(सूरह नः२७ आयत नः६४)

❁ ﴿ निःसन्देह ती मानिसहरू पनि काफिर हुन् जसले भन्दछन् कि अल्लाह तीन मध्येको एक हो,जब कि वास्तवमा एक पूज्य (अल्लाह) बाहेक अरु कोही पूज्य छैन । यदि यी मानिसहरू यस्ता

भनाई अथवा विश्वास परित्याग गर्दैनन् भने तिनीहरूमध्ये जो अवज्ञाकारी हुनेछन् तिनीहरूलाई कष्टदायक सजाय अवश्य हुनेछ । (तसर्थ) यिनीहरूले अल्लाहको अगाडि किन नतमस्तक हुँदैनन् र किन आफ्ना त्रुटिहरूका लागि क्षमा माँग्दैनन् । अल्लाह त ठूलो क्षमा प्रदान गर्ने र कृपालु छ । ﴾(सूरह नः५:आयत नः७३-७४)

वास्तवमा यही सन्देश
( अल्लाह को एकेश्वरवाद नै )
कुरआनको मौलिक विषय हो ।

# अन्तमा

पवित्र कुरआन र बाइबलको यो र यस बाहेक सैकड़ौ भन्दा अधिक सुत्रहरूबाट यो स्पष्ट भइहाल्दछ कि अल्लाह एक्लै छ उस बाहेक कोही पूज्य छैन जस्तो कि बाइबलमा आएको छः (हे इस्राएल सुनः हाम्रो परमेश्वर,प्रभु एउटै छ ००००००००अनि अल्लाह (पुज्य) एउटै छ,ऊ बाहेक अरू कोही परमेश्वर छैन |) (इञ्जील मरकुस १२:२९-३३)

तथा अल्लाहले पवित्र कुरआनमा आपनो विषयमा बताएका छन् किः «(हे पैग़म्बर!)तपाई भनिदिनुस् कि त्यो अल्लाह एक छ |» (सूरह नः११२ आयत नः१)

धर्मशास्त्र (बाइबल)ले यस कुराको पुष्टि मात्र गरेको छैन कि अल्लाह एक्लै छ बरु यस कुराको पनि पुष्टि गरेको छ कि अल्लाह नै एक्लै रचयिता,र मुक्तिदाता हो (You may know and believe Me and understand that I am He. Before Me no god was formed, nor shall there be any after Me. I,I am the lord and besides Me there is no Savior. ( Isaiah 43:10-11)

(तिमीहरू बुझ र मेरो प्रतीत (विश्वास) गर,र यो जानि राख कि म त्यही (अल्लाह) हो | म भन्दा

पहिला कोही ईश्वर (अल्लाह) न थियो र न त मेरो पछि कोही हुनेछ । म नै यहोवा हो र म बाहेक अरू कोही उद्धारकर्ता छैन ।) (यशायाह ४३:१०-११)

यसले गर्दा यो स्पष्ट हुन्छ कि "ईसा (यीशु) मसीह वा जिब्रील वा यिनी दुबै बाहेक अरू पनि उपास्य छन्" भन्ने कुराको कुनै शृंखला र प्रमाण छैन । यो सबै अल्लाहका रचनाहरू मध्ये एउटा रचना हुन् तिनीको अधीनमा कुनै पनि कुरा छैन,तसर्थ यिनी न त देवता हुन् न त अल्लाहको प्रकाश र शरीर वा उसको रूप, किन भने कि ऊ जस्ता कोही पनि छैन जस्तो कि धर्मशास्त्र र पवित्र कुरआनमा आएको छ ।

यहूदिहरू माथि अल्लाह बाहेक अरूको पूजा र उनीहरूको पथभ्रष्टताको कारणले अल्लाहको क्रोध भयो (the Lord’s anger burned aginst them. Numbers25:3) (यस प्रकार इस्राएली बालपोर देवता लाई पूज्न थालें तब यहोवाको क्रोध इस्राएल माथि भड्क्यो) (गिनती २५:३),आदरणीय मूसा (उहाँ

माथि अल्लाह को शान्ति होस्) ले तिनीको सुनको बाछोलाई टुका टुका पार्दिनु भएको थियो ।

अर्कातिर ईसाईहरू मध्ये ऐकेश्वरवादी समूहलाई विभिन्न प्रकारको दुख सहनु पऱ्यो किन भने तिनीहरू ऐकेश्वरवादमा आस्था राखि आदरणीय ईसा (यीशु) मसीहको सत्य शिक्षा (अल्लाहको ऐकेश्वरवाद) मा परिवर्तन र पारवर्तितलाई अस्वीकार गरें साथै उस त्रीश्वरवादलाई पनि अस्वीकार गरें जुन बूलिस र उसको साथीहरू द्वारा फैल्यो ।

माथि उल्लेखित तथ्यहरूको सार यो हो किः अल्लाहले सम्पूर्ण ईशदूत र संदेष्टाहरूः आदरणीय आदम, नूह्, इब्राहीम, मूसा, ईसा र मुहम्मद (यिनी सबै माथि अल्लाहको दया र शान्ति होस्)लाई जनसमुदायमा अल्लाह माथि विश्वास र मात्र उसैको उपासनातिर आमन्त्रणका लागि पठायो,जसको कोही साझेदार छैन त्यो पवित्र छ । अतः यही एउटा सबैको सन्देश हो :

सत्य अल्लाह मात्र एउटै छ अतः
मात्र उसैको उपासना गर्नुहोस् !!

यसर्थ जब सबै ईशदूत र संदेष्टाहरूको सन्देश मात्र एउटै हो भने सबैको धर्म पनि एउटै हो । अनि अब बताउनुहोस्! कि यिनी सबै ईशदूत र संदेष्टाहरूको धर्म के रहेको हो ?

यिनी सबै ईशदूत र संदेष्टाहरूको मूल सन्देश "अल्लाहको लागि नतमस्तक (आदर गरी सिर निहुराउनु) हुनु" हो जुन अरबी भाषामा इस्लाम शब्दको अर्थ हो ।

निःसन्देह पवित्र कुरआनले आग्रह गरेको छ कि अल्लाहका समस्त ईशदूत र संदेष्टाहरूका लागि मात्र इस्लाम नै सत्य धर्म हो यस वास्तविक कुरआनबाणीलाई हामी धर्मशास्त्र (इञ्जील)मा पनि खोज्न सक्छौं ।

अन्तमा हामीमाथि अनिवार्य हुन्छ कि हामी मुक्ति प्राप्त गर्नका लागि यस सन्देशलाई स्वीकार गरौं,र पूर्ण सच्चाई एवं निःस्वार्थताको साथ त्यसमाथि आस्था राखौं । तर मात्र यो नै काफी छैन बरु हामी माथि अनिवार्य हुन्छ कि हामी सबै ईशदूत र संदेष्टाहरू माथि आस्था राखौं *(जसमा अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम पनि हुनुहुन्छ)* र

उनीहरूको अनुसरण र त्यसै माथि कार्यरत भईहालौं। यो नै सौभाग्य,अनन्त जीवनको मार्ग हो।

अतः हे! निःस्वार्थताको साथ वास्तविकताको खोजी र मुक्तिलाई मन पराउनेहरू! तपाई यस विषयमा अहिलेनै,समय बित्नु भन्दा पहिलै, *मृत्य भन्दा अघिनै जुन अपर्झट आई समात्छ, कसलाई थाहा छ कि कति खेरा आई पुग्छ ?* ध्यानपूवर्क विचार र मनन्चिन्तन गर्नुहोस्।

यस महत्वपूर्ण विषयमा मनन्चिन्तन र परिज्ञान, सत्बुद्धि र सत्यवादी हृदयसँग पुनःनिरीक्षण पछि तपाई यस कुरालाई स्वीकार गर्न सक्नुहुन्छ कि अल्लाह एक्लै छ,उसको कोही सहयोगी र सहभागी छैन, र न त उसको छोरा छ । यस कुरामाथि आस्था र विश्वास राख्नुहोस् र मात्र उसैको उपासना गर्नुहोस्,र यस कुरामाथि आस्था राखनुहोस् कि आदरणीय मुहम्मद सल्लल्लाहु अलैहि वसल्लम पनि नूह, इब्राहीम, मूसा,ईसा जस्तै ईश्दूत हुन्।

❁ अब तपाई-यदि चाहनु हुन्छ भने- यस वचनलाई पढ्न सक्नु हुन्छः

**अशहदु अल्ला इलाहा इल्लल्लाह व अशहदु अन्ना मुहम्मदन् रसूलुल्लाह।**

अर्थातः म गवाही दिन्छु कि अल्लाह बाहेक कोही वास्तविक पूजनीय छैन र मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) अल्लाहका रसूल (संदेष्टा) हुन्।

सौभाग्यशाली अनन्त जीवनतिर जाने मार्गको यही साक्ष्य (मंत्र र गवाही) पहिलो पाइला हो र यही स्वर्गको ढोकाहरूको वास्तविक साँचो पनि हो।

यदि तपाई यस मार्गलाई स्वीकार्ने ठान्नु भएको छ भने आफ्नो मुसलमान साथी वा छिमेकि वा नजिकको मस्जिद,इस्लामिक सेन्टरबाट सहायता प्राप्त गर्नुहोस्, अथवा टेलीफोन वा पत्रद्वारा हामीलाई सम्झनुहोस् म तपाईको आभारी हुनेछु र यसलाई म आफ्नो सौभाग्य सम्झनेछु।

# पवित्र कुरआनमा छ :

﴿(मेरो तर्फ बाट) तपाई भनिदिनुस कि “हे मेरा भक्तहरू ! जसले आफूमाथि नै अतिक्रमण गरेका छन्,तिमी अल्लाहको दया बाट निराश नहोऊ । निःसन्देह अल्लाहले सारा पापहरूलाई क्षमा गरिदिन्छ । निश्चय नै ऊ अति क्षमाशील अत्यन्त दयावान् छ । र यसभन्दा पहिला कि तिमीलाई यातना (कष्ट) आओस् आफ्नो पालनकर्तातिर प्रवृत्त होऊ र उसको आज्ञाकारी भईहाल । त्यस यातना आएपछि तिम्रो सहायता गरिने छैन । र यसभन्दा पहिला कि तिमीमाथि एक्कासी यातना आओस् र तिमीलाई थाहा पनि नरहोस्,त्यस सर्वोत्तम कुराको अनुसरण गर जुन कि तिम्रो पालनकर्ताको तर्फबाट तिम्रो लागि अवतरित भएको छ ।﴾ (सूरः नः३९ः आयत नः५३-५४-५५)

# विषय सूची


| क्रम संख्या | विषय | पृष्ठ |
|---|---|---|
| १ | प्रस्तावना | ३ |
| २ | पढ्नु भन्दा अगाडि केही प्रश्नहरू | ६ |
| ३ | मुख्य विषय | ७ |
| ४ | धर्मशास्त्र(इञ्जील)मा एउटा सत्य अल्लाह (पुरानो युग) | १८ |
| ५ | धर्मशास्तर(इञ्जील)मा एउटा सत्य अल्लाह (नयाँ युग) | २० |
| ६ | **पवित्र कुरआनमा एक सत्य अल्लाह** | २२ |
| ७ | अन्तमा | २४ |
| ८ | पवित्र कुरआनमा छ..... | ३0 |